Amritology, 3-01-2014 Nepali

## अति स्नेही प्रिय बच्चाहरूको अति प्यारा बाबासँग कुराकानी

### पहिलो स्मृति

आँखा खुल्ने बित्तिकै संकल्प गरौं– म आत्मा हुँ। म यस बसुन्धरालाई प्रकाशमय बनाउनका लागि मधुर प्रकाशको घरबाट अवतरित भएको छु।

### म को हुँ ?

म एक अति प्रिय सन्तान हुँ। बाबाको मसँग पवित्र र गहिरो स्नेह छ। यस रूहानी प्यारलाई स्मृतिमा ल्याउने बित्तिकै मेरो दिल हल्का र मन शान्त हुन्छ।

### म कसको हुँ ?

### आत्माको बाबासँग कुराकानी

मीठे बाबा– गुड मर्निङ्ग। मेरा बाबा, मीठा बाबा, प्यारा बाबा ! यो गीत सुन्नासाथ म सतर्क हुन्छु। मैले यो सम्झेको छु– यस अविनाशी गीतलाई निरन्तर गाएर म सधैं अगाडि बढिरहनेछु।

### बाबाको आत्मासँग कुराकानी

मीठे बच्चे ! उठ ! मसँगै बस। मीठे बच्चे, सिकीलधे बच्चे ! बाबाको प्यारको मीठो धुन सधैं तिम्रो कानमा गुञ्जिरहोस्। तिमी सधैं बाबाको महिमा र श्रेष्ठ जीवनको गीत गाइराख। ईश्वरीय ज्ञान र सर्व प्राप्तिहरूको गीत पनि सधैं तिम्रो दिलमा बजिरहोस्। तिमी स्वयंलाई सधैं यो मधुर संगीत सुनाएर व्यर्थबाट मुक्त होऊ।

### बाबाद्वारा प्रेरणा

आफ्नो मनलाई सबै कुराबाट हटाएर बाबामा लगाऊ। बाबा हुनुहुन्छ शान्तिका सागर। यस शान्तिमा मैले बाबाबाट प्रेरणायुक्त एवं पवित्र सेवाको संकल्प लिइरहेको छु।

### बाबाद्वारा वरदान

सूक्ष्म वतनमा मीठा बाबाका सामुन्ने मेरो फरिश्ता स्वरूप स्पष्ट देखिइरहेको छ। बडो प्यार र शक्तिशाली दृष्टिद्वारा बाबाले मलाई बरदान दिइरहनुभएको छ–

*तिमी कुनै पनि विघ्न आउँदा रूहानी जादुगर बनेर बाबाको र आफ्नो फरिश्ता स्वरूपको आह्वान गर्दछौ। यस युक्तिले तिमी मायाको प्रभावमा नपरेर सधैं उँचा उडान भरिरहन्छौ।*

### बेहदको सूक्ष्म सेवा : आखिरी १५ मिनेट

बाबाद्वारा प्राप्त यस वरदानलाई आफ्नो शुभ संकल्पद्वारा, वरदाता बनेर, मैले पूरा विश्वलाई दान दिइरहेको छु। आफ्नो फरिश्ता ड्रेस पहिरिएर म विश्व भ्रमण गर्दै सबै आत्माहरूलाई यो वरदान दिइरहेको छु।

### राती सुत्नु भन्दा पहिला

आवाजको दुनियाँ भन्दा पर गएर आफ्नो अवस्थालाई स्थिर बनाऔं। चेक गरौं– आज मैले दिन भरमा कुनै कुराको अवज्ञा त गरिनँ ? यदि गरेको भए बाबालाई बताऔं। कसैको मोह या आकर्षणमा बुद्धि त फँसेन ? आफ्नो कर्मको चार्ट बनाऔं। ३० मिनेटको योगद्वारा कुनै पनि गलत कर्मको प्रभावबाट स्वयम्लाई मुक्त गरौं। आफ्नो दिललाई सफा र हल्का बनाएर सुतौं।